# सुनछहरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८ सुनछहरी ,जेष्ठ २५ गते, २०८१ साल संख्या १

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा १०२ को उपदफा १ बमोजिम सुनछहरी गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग- २

## त्रिगाउँपालिका स्तरीय स्वास्थ्य संस्था फार्मेसी सेवा सञ्चालन कार्यविधि, २०८१

**गाउँकार्यपालिकाबाट पारित मितिः २०८१/०२/२५**

**प्रमाणीकरण मितिः२०८१/०२/२६**

**प्रस्तावना**

स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत स्वास्थ्य संस्थाहरुबाट आफ्नै फार्मेसी सेवा सञ्चालन गरी बिरामी एवं सेवाग्राहीहरुलाई सुलभ एवं गुणस्तरीय सेवा उपलब्ध गराउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ को (ढ) रहेको प्रावधान बमोजिम सुनछहरी गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०८० को दफा ४(१) अनुसार देहायको कार्यविधि बनाएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**त्रिगाउँपालिका स्तरीय स्वास्थ्य संस्था फार्मेसी सेवा सञ्चालन कार्यविधि, २०८१**" रहने छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिका बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) कार्यपालिका भन्नाले सुनिलस्मृति, लुङ्ग्री र सुनछहरी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(२) स्वास्थ्य संस्था भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई तथा प्राथमिक उपचार तथा परामर्श केन्द्रलाई सम्झनु पर्दछ ।

(३) फार्मेसी सेवा भन्नाले स्वास्थ्य संस्थाहरुमा सञ्चालनमा रहेका र सञ्चालन गरिने औषधि तथा औषधिजन्य पदार्थ वा सामाग्रीबाट दिइने सेवा सम्झनु पर्दछ ।

(४) समिति भन्नाले दफा ३, बमोजिम गठित स्वास्थ्य संस्था फार्मेसी समिति सम्झनु पर्दछ ।

**३. स्वास्थ्य संस्था फार्मेसी सञ्चालन तथा ब्यवस्थापन समितिः** स्वास्थ्य संस्थामा औषधि तथा औषधिजन्य पदार्थ वा सामाग्रीवाट दिईने सेवा व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन देहाय बमोजिमको स्वास्थ्य संस्था फार्मेसी समिति गठन हुनेछ ।

(क) फार्मेशी रहने गाउँपालिकाको सम्बन्धित स्वास्थ्य संस्थाको व्यवस्थापन समितिका अध्यक्ष– संयोजक

(ख) त्रिगाउँपालिकाबाट १/१ जना स्वास्थ्य शाखा प्रमुख — सदस्य

(ग) त्रिगाउँपालिकाबाट १/१ जना नर्सिङ — सदस्य

(घ) फार्मासिष्ट तथा फार्मेसी असिष्टेण्ट १ जना — सदस्य

(ङ) फार्मेसी रहने स्वास्थ्य संस्थाको प्रमुख — सदस्य सचिव

**४.समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्वास्थ्य संस्थाको फार्मेसीमा राखिने औषधि र औषधिजन्य पदार्थ वा सामाग्रीको सूची निर्धारण गर्ने।

(ख) आवश्यकता अनुसार औषधि वा औषधिजन्य पदार्थ वा सामाग्रीहरुको उत्पादक एवं आपूर्तिकर्ताहरुको पुर्वयोग्यता निर्धारण गर्ने ।

(ग) गुणस्तरको विश्वसनियताको आधारमा कुनै खास ब्राण्ड स्वीकृत वा अस्वीकृत गर्ने ।

(घ) स्वास्थ्य संस्थामा औषधिको परिमाण स्वीकृत गर्ने वा थपघट गर्ने ।

**५.समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक कम्तिमा प्रत्येक दुई महिनामा बस्नेछ ।

(२) समितिको बैठक बस्नुभन्दा कम्तिमा ४८ घण्टा अगावै सदस्य सचिवले सबै सदस्यहरुलाई बैठकको कार्यसुची उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठकको निर्णय उपस्थित सदस्यको बहुमतवाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. औषधि तथा औषधिजन्य सामाग्री र पदार्थको खरिद प्रक्रियाः औषधि तथा औषधिजन्य सामाग्री र पदार्थ खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ वमोजिमको प्रकृया अवलम्वन गरी गर्नु पर्नेछ ।

**७. औषधि र औषधिजन्य पदार्थको विक्री मुल्यः** औषधि र औषधिजन्य पदार्थको विक्री मुल्य निर्धारण गर्दा

यसको खरिद मुल्यमा बीस प्रतिशतमा नबढाई निर्धारण गरिनेछ ।

तर, यसरी विक्री मुल्य निर्धारण गर्दा अधिकतम खुद्रा मुल्य भन्दा बढी हुनु हुँदैन ।

**८. फार्मेसीको लागि जनशक्तिः** (१) स्वास्थ्य संस्थाहरुमा अनिवार्य रुपमा कम्तिमा फार्मेसी असिष्टेण्ट हुनु पर्नेछ । नेपाल सरकारले दरवन्दी स्वीकृत गरेपछिको हकमा प्रचलित कानुन अनुसार हुनेछ । स्वास्थ्य संस्थामा कार्यबोझ र दैनिक कारोबारको आधारमा जनशक्तिमा थपघट गर्न सकिनेछ ।

**९. फार्मेसीको भौतिक पूर्वाधार :** (१) फार्मेसी सञ्चालनका लागि आवश्यक औषधि विक्री वितरण कक्ष

र भण्डारणको लागि पर्याप्त ठाउँको व्यवस्था गर्नुपर्नेछ ।

(२) औषधि वितरण कक्ष ओस नलाग्ने, सूर्यको प्रत्यक्ष प्रकाश नपर्ने र पर्याप्त भण्टिलेसन भएको हुनु पर्नेछ ।

(३) फार्मेसी संचालन गर्ने ठाउँ सर्वसाधारणले सजिलै देख्ने हुनु पर्दछ र सम्भव भएसम्म स्वास्थ्य संस्थाको अगाडिको भागमा हुनुपर्दछ ।

(४) विरामीलाई परामर्श दिने उपयुक्त ठाउँ हुनु पर्दछ ।

(५) बिक्री वितरणका लागि अनुपयुक्त वा फर्काउनु पर्ने वा म्याद गुज्रेका वा नष्ट गर्नुपर्ने औषधि तथा औषधिजन्य सामाग्री असम्वन्धित ब्यक्तिको पहुँच नहुने गरी सुरक्षित राख्ने छुट्टै भण्डारणको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) औषधिको पूर्जा लिने, डिस्पेन्स गर्ने र भुक्तानी लिने व्यक्ति र ठाउँको उपयुक्त व्यवस्था हुनुपर्नेछ ।

(७) औषधि तथा औषधिजन्य सामाग्रीको मौज्दात तथा खपत अभिलेख, विजकीकरण, सूचना, लेवल, औषधि सम्बन्धि समस्याहरुको जानकारी आदिका लागि उपुक्त सफ्टवेयर सहितको कम्प्युटरको प्रयोग गर्नुपर्नेछ ।

(८) नेपाल सरकारबाट प्रदान गरिने निःशुल्क औषधिहरु र औषधिजन्य सामाग्रीहरुको सूची सबैले देख्न सक्ने गरी राख्नु पर्नेछ ।

(९) स्वास्थ्य संस्थाहरुवाट निःशुल्क प्रदान गर्ने औषधिहरु र सो वाहेकका औषधिहरु स्पष्ट छुट्टिने गरी फार्मेसीमा राख्नुपर्नेछ ।

(१०) स्वास्थ्य संस्था परिसरमा औषधिको ब्यापारिक प्रवद्र्धन सम्बन्धी कुनैपनि क्रियाकलाप गर्न पाइने छैन ।

**१०. विउ रकम (Seed Money) उपलब्ध गराउनेः** (१) गाउँपालिकाले स्वास्थ्य संस्थामा फार्मेसी सञ्चालनका लागि विउ रकम (Seed Money) उपलव्ध गराउनेछ ।

(२) गाउँपालिकाले आवश्यक देखेमा उपदफा (१) बमोजिमको रकम अनुदानको रुपमा परिणत गर्न सक्नेछ ।

**११. निःशुल्क बितरण गरिने औषधि सम्वन्धमाः** (१) नेपाल सरकारबाट निःशुल्क बितरण गरिने भनी तोकिएका औषधिहरु स्वास्थ्य संस्थाले निःशुल्क उपलब्ध गराउनुपर्नेछ ।

(२) निःशुल्क बितरणका लागि तोकिएका औषधि तथा औषधिजन्य सामाग्रीहरु संघ, प्रदेश तथा स्वास्थ्य कार्यालय संगको समन्वयमा गाउँपालिकाले उपलब्ध गराउनेछ ।

(३) कारणवश निःशुल्क वितरण गरिने औषधि तथा औषधिजन्य सामाग्री मौज्दात नभएको अवस्थामा त्यस्तो जानकारी सम्वन्धित विरामीको प्रेस्क्रिप्सनमा फार्मेसीले जनाईदिनु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले औषधीहरु मौज्दातमा नभएमा पनि अतिगरिब र असहाय विरामीलाई औषधि निःशुल्क दिने व्यवस्था गर्नुपर्नेछ र यो सेवा प्राप्त गर्ने विरामीहरुको विस्तृत विवरण सहितको अभिलेख मासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

**१२. निःशुल्क प्राप्त औषधिको वितरणः** सबै स्वास्थ्य संस्थाहरुले कुनैपनि श्रोतवाट निःशुल्क रुपमा प्राप्त भएका वा कुनै कम्पनीवाट बोनस स्वरुप प्राप्त भएका औषधि र औषधिजन्य सामाग्रीहरु निःशुल्क रुपमा प्रदान गर्नुपर्नेछ ।

**१३. आर्थिक व्यवस्थापनः** (१) स्वास्थ्य संस्था फार्मेसीको अलग्गै खाता हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता सञ्चालन दफा (२) को स्वास्थ्य संस्था फार्मेसी सञ्चालन तथा ब्यवस्थापन समितिबाट सञ्चालन हुनेछ ।

(३) उपदफा (१) बमोजिमको खातामा देहायका रकम जम्मा हुनेछन्ः

(क) त्रिगाउँपालिकाबाट प्राप्त रकम,

(ख) दैनिक विक्रीबाट प्राप्त रकम,

(ग) संघ तथा प्रदेशवाट प्राप्त रकम,

(घ) अन्य व्यक्ति, संघ संस्था तथा दातृ निकायवाट प्राप्त रकम

(४) फार्मेसी सञ्चालन समितिको सिफारिश र समितिको निर्णय विना उपदफा (१) बमोजिमको खातामा रहेको रकम अन्य प्रयोजनमा खर्च गरिने छैन ।

(५) प्रत्येक दिनको कारोवार रकम सोही दिन अथवा भोलिपल्टको मध्यान्ह सम्ममा बैंक दाखिला गरि सोको एक प्रति भौचर सम्बन्धित पालिकाको स्वास्थ्य शाखामा वुझाउनु पर्नेछ ।

(६) औषधि विक्रीको कूल रकमवाट मासिक रुपमा कम्तिमा दश प्रतिशत रकम गाउँपालिकाको आन्तरीक राजश्व खातामा जम्मा गनुपर्नेछ ।

**१४. आयव्ययको हिसाबः** (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र फार्मेसीको आयव्ययको
हिसाब गरिनेछ ।

(२) आयव्ययको हिसाब राख्दा नाफा भएको रकम मध्ये नब्बे प्रतिशत रकम स्वास्थ्य संस्थाको मूल खातामा जम्मा गनुपर्नेछ ।

(३) वार्षिक खुद मुनाफा रकम मध्ये संचालन तथा व्यवस्थापन समितिले निर्णय गरी बढीमा १५ प्रतिशत सम्म कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप खर्च गर्न सकिनेछ ।

(४) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखापरीक्षण गराई सक्नुपर्नेछ ।

(५) स्वास्थ्य संस्था फार्मेसीको लेखा परिक्षण दर्तावाल लेखापरीक्षकको कार्यालयवाट हुनेछ ।

(६) प्रत्येक आर्थिक वर्षको अन्तमा फार्मेसीमा खरिद भएको अद्यावधिक परिमाण, विक्री भएको परिमाण तथा बाँकी परिमाणको सन्तुलन परिक्षण (Trial Balance) र वासलात ( balance sheet ) तयार गनुपर्नेछ ।

**१५. ब्राण्ड तोकी सिफारिश गर्न नहुने:** विशेष औचित्य भएमा बाहेक विरामीलाई खास ब्राण्ड तोकी सिफारिश गर्न हुदैन।

**१७. औषधिको सूचि तयार गनुपर्ने:** फार्मेसी वाट प्रदान गर्ने औषधि तथा औषधिजन्य सामाग्रीहरुको सूचि तयार गरी कार्य गर्नुपर्नेछ ।

**१८. फार्मेसी सञ्चालन सम्वन्धी सफ्टवेयरः** फार्मेसीले गाउँपालिकाले तोके बमोजिमको सफ्टवेयरको प्रयोग गर्नुपर्नेछ ।

**१९. निर्देशक समिति :** स्वास्थ्य संस्था फार्मेसी सञ्चालन तथा ब्यवस्थापन समितिलाई थप प्रभावकारी बनाउन देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ ।

क फार्मेशि रहने सम्बन्धित गाउपालिकाको अध्यक्ष -संयोजक

ख सुनछहरी गाउपालिकाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

ग लुङग्री गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

घ तीनवटै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ङ फार्मेसी रहने सम्वन्धित गाउँपालिकाको प्रशासन शाखा प्रमुख सदस्य सचिव

**२०. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) फार्मेसी सञ्चालन, व्यवस्थापन, अनुगमन तथा नियमन सम्बन्धमा सम्बन्धित समितिहरुलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन गर्ने ।

(ख) फार्मेसी सञ्चालन सम्बन्धमा आवश्यक नीति तथा कानुन निर्माणका लागि आवश्यक समन्वय र सहजिकरण गर्ने ।

(ग) फार्मेसी सञ्चालनका लागि आवश्यक वजेट व्यवस्थापनका लागि पहल गर्ने ।

(घ) फार्मेसी सञ्चालन तथा व्यवस्थापन समितिले वार्षिक रुपमा पेश गरेको लेखा परिक्षण प्रतिवेदन तथा अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिवेदन उपर अध्ययन र विश्लेषण गरी आवश्यक नीतिगत तथा अन्य निर्देशन दिने ।

(ङ) निर्देशक समितिको वैठक आवश्यकता अनुसार बस्ने छ ।

(च) बैठक सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि निर्देशक समिति आफैले निर्धारण गरे वमोजिम हुने छ ।

**२१. अनुगमन समिति :** स्वास्थ्य संस्था फार्मेसी सञ्चालन तथा ब्यवस्थापन समितिको थप प्रभावकारी तथा निर्देशक समितिलाई आवश्यक सहयोग गर्न देहाय बमोजिमको अनुगमन समिति गठन हुनेछ ।

**(क)** फार्मेसी रहने गाउँपालिकाको उपाध्यक्ष- संयोजक

(ख) सुनछहरी र लुङ्ग्री गाउँपालिका उपाध्यक्ष सदस्य

(ग) त्रिगाउँपालिकाको स्वास्थ्य सेवाको अधिकृत स्तरको कर्मचारी ३ जना सदस्य

(घ) फार्मेसी रहने गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत सह-संयोजक सदस्य सचिव

**२२. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) फार्मेसीको समय समयमा निरिक्षण, अनुगमन गर्ने ।

(ख) फार्मेसी सेवा सञ्चालन सम्बन्धि विषयमा निर्देशक समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ग) स्वास्थ्य संस्थामा फार्मेसी सञ्चालनको अवस्था एवं उक्त सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि चौमासिक रुपमा अनुगमन तथा मुल्यांकन गरी सोको प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्नुपर्ने छ ।

(घ) फार्मेसी सञ्चालन समिति र निर्देशक समिति विच समन्वय गरी आवश्यक राय, सल्लाह सुझाव दिने ।

(ङ) अनुगमन समितिको समितिको वैठक कम्तिमा तीन महिनामा एक पटक वस्नेछ ।

(च) बैठक सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि अनुगमन समिति आफैले निर्धारण गरे वमोजिम हुने छ ।

**२३. निर्देशन दिन सक्नेः** यस कार्यविधिमा उल्लेख गरिएका बाहेक सवै स्वास्थ्य संस्थाहरुलाई गाउँपालिकाले समय सापेक्ष फार्मेसी सञ्चालन सम्वन्धी विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशन पालना गर्नु सम्वन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

२४ **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानुनमा लेखिए बमोजिम हुनेछ ।

आज्ञाले,
लालसिंह खड्का
प्रमुख प्रशासकीय अधिकृत